# साप्ताहिक समाचारपत्रिका

अंक १२ वर्ष २ जेष्ठ १८ गते आईतबार




## गण्डकी प्रदेश सरकारको कोरोना विरुद्धको अभियान : हाम्रो अभियान

**नेपालमा :**

१५६७
संक्रमित

८
मृत्यु भएका

२२०
निको भएका

**गण्डकी प्रदेशको पछिल्लो तथ्याङ्क:**

३४९३
PCR परिक्षण गरिएको

४१५
नतिजा आउन बाँकी (PCR)

३०५४
संक्रमण नदेखिएको (PCR)

८७३५
RDT परिक्षण गरिएको

२४
संक्रमण देखिएको (PCR)

गण्डकी प्रदेश, स्याङ्जा जिल्ला, गल्याङ नगरपालिका ठेगाना भै सोहि नगरपालिका स्थित क्वारेन्टाइनमा रहनुभएको वर्ष २७ र ४० का २ जना पुरुषमा र तनहुँ जिल्ला, ऋषिङ गाउँपालिका ठेगाना भै सोहि गाउँपालिका स्थित क्वारेन्टाइनमा रहनुभएको वर्ष २८ का १ जना पुरुषमा समेत कोरोना संक्रमणको पुष्टि भएको छ । यससगै गण्डकी प्रदेशमा कोरोना संक्रमितको संख्या २४ पुगेका छ ।



पोखरा महानगरपालिकासंग भगिनी सम्बन्ध स्थापित भएका छिमेकी मुलुक चिनको युनान प्रान्तले गण्डकी प्रदेश सरकारलाई एक हजार थान N 95 mask र तीन हजार थान Surgical mask प्रदान गरेको छ । यसैगरी GONJAU, KUNMIN र LINJI प्रान्तले पोखरा महानगरपालिकालाई सर्जिकल मास्क, ग्लोव्स , KN 95 mask र PPE लगायतका स्वास्थ्य सामाग्रीहरु प्रदान गरेको छ ।



प्रदेश सरकार
गण्डकी प्रदेश
सामाजिक [illegible] मन्त्रालय
स्वास्थ्य निर्देशनालय
रामघाट, पोखरा

पत्रसंख्या : २०७६।०७७
चलानी नं. :

बिषय: प्रेस बिज्ञप्ति ।

मिति २०७७/०२/०९ भैरहवाको नमुना मा.बि.बाट क्वारेन्टाइनमा बसेकाहरुलाई म्याग्दीसम्मका लागि लिएर छुटेको म्याग्दी यातायात प्रा.लि.को गाडी नम्बर ना.५.ख २८९८ मा सबार १ व्यक्ति (म्याग्दीमा नमुना संकलन गरिएको, नतिजा २०७७/०२/१५ मा कोरोना पोजेटिभ देखिएको) कोरोना संक्रमण भएको जानकारी यहाँहरुलाई बिदितै छ। उक्त सबारी साधनमा सबार २३ जना यात्री मध्ये गोरखा जाने १ जना आबुंखैरेनीमा, लमजुङ जाने ३ जना यात्री तनहुँको डुम्रेमा र पोखरा महानगर पालिकाको पुरानो बसपार्कमा २ जना यात्री ओर्लेको सूचना स्वास्थ्य निर्देशानालयलाई प्राप्त भएको छ। उक्त गाडीमा माथि उल्लेखित कोहि व्यक्ति वा स्वय तपाई नै हुनुहुन्छ भने नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहुन अनुरोध छ।

डा. विनोद विन्दु शर्मा
निर्देशक
तथा
प्रवक्ता, गण्डकी प्रदेश कोरोना नियन्त्रण तथा रोकथाम कार्यक्रम

मिति: २०७७/०२/१८
समय : दिउसो ३:०० बजे

ईमेल: hd.gandaki@gmail.com



गर्भवती अवस्थामा अत्याधिक रक्तश्रावका कारण थप उपचार का लागी म्याग्दी जिल्ला, अन्नपूर्ण गाउपालिका वडा नं ५ सिख कि नर्दिता गर्बुजालाई हेलिकप्टर मार्फत उद्धार गरि पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा ल्याइएको छ ।



म्याग्दी जिल्लामा श्रीबक्स गुल्म अर्थुंगे, म्याग्दी र नं २३ बाहिनी अड्डा, बाग्लुङको संयुक्त आयोजनामा बेनीमा कोरोना संक्रमितको शव व्यवस्थापन सम्बन्धि प्रदर्शनी सम्पन्न भयो । कार्यक्रममा जिल्ला समन्वय समिति म्याग्दीका प्रमुख, स्वास्थ्य कार्यालय, म्याग्दीका प्रमुख, बेनी नगरपालिकाका प्रमुख, प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिहरु, जिल्ला कोभिड १९ कमाण्ड पोष्टका सदस्यहरु, स्वास्थ्यकर्मीहरु लगायतको उपस्थिति रहेको थियो ।

पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान वरिपरी रहनु भएका नागरिक समाजहरुले स्वास्थ्य निर्देशानालयका निर्देशक डा. विनोद विन्दु शर्मा ज्यूलाई भेट गरि कोभिड अस्पतालको बारेमा बृहत जानकारी लिनु भयो । कार्यक्रममा अस्पतालमा रहनु भएका कोरोना संक्रमित व्यक्ति तथा संक्रमण रोकथामका बारेमा अस्पतालले गरेको तयारीका बारेमा छलफल भएको थियो ।



बाग्लुङ जिल्लामा भएका कोभिड -१९ संग सम्बन्धित विभिन्न क्रियाकलापहरु :

(१)



(२)



(१) क्वारेन्टाइन स्थलमा खटिनु भएका स्वास्थ्यकर्मीहरु

(२) कन्ट्याक्ट ट्रेसिङ सम्बन्धि छलफल

(३)



(४)




(३) त्रिभुवन मा.वि. बडिगाडमा स्वाब संकलन

(४) स्वाब संकलन पश्चात्



पि.सि.आर परिक्षण सेवा विस्तारका लागि पोखरा महानगरपालिकाका मेयर मान बहादुर जि.सी.ज्यू पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति प्रा.डा. बुद्धि बहादुर थापाज्यू, स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्माज्यू, कोभिड–१९ प्रयोगशाला व्यवस्थापन समितिका संयोजक डा. डुक बहादुर क्षेत्रीज्यू, पश्चिमाञ्चल क्षेत्रिय अस्पताल (गण्डकी प्रदेशको कोभिड–१९ डेडिकेटेड आइसोलेसन अस्पताल) का निर्देशक डा. अर्जुन आचार्यज्यू, प्रदेश जनस्वास्थ्य प्रयोगशालाका शुभद्रा दुलालज्यू लगायतले लेखनाथ सामुदायिक लायन्स अस्पतालमा सम्भाव्यता अध्ययनका लागि निरिक्षण भ्रमण गर्नुभएको थियो ।



प्रदेश सरकार
गण्डकी प्रदेश
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
रामघाट, पोखरा

पत्रसंख्या : २०७६।०७७
चलानी नं. :

मिति: २०७७/०२/१८

बिषय: प्रेस विज्ञप्ति ।

अध्यावधिक विवरण अनुसार हालसम्म गण्डकी प्रदेशमा कोभिड-१९ को संक्रमितहरुको जम्मा संख्या २४ पुगेको छ । कोभिड-१९ का पुष्टी भएका संक्रमितहरुको विवरण यस प्रकार रहेको छ ।

| क.स. | परिक्षण गरिएको प्रयोगशाला | जम्मा | जिल्ला | उमेर | लिङ्ग | घर फर्केको संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | पोखरा स्वास्थ्य बिज्ञान प्रतिष्ठान, पोखरा | १७ | बाग्लुङ | १९, ६५ | महिला | २ | |
| | | | | १९,२०,२१,२१, २७,२७ | पुरुष | ० | |
| | | | स्याङ्जा | ३९ | महिला | ० | |
| | | | | २०, २१, २६, २७, २९, ४०, | पुरुष | ० | |
| | | | म्याग्दी | ३० | पुरुष | ० | |
| | | | तनहुँ | २८ | पुरुष | ० | |
| २ | भरतपुर अस्पताल, चितवन | ६ | नवलपरासी बर्दघाट सुस्ता पूर्व | २५ | महिला | ० | १ जनाको हिजो रिपोर्ट प्राप्त |
| | | | | १९, १९, २१, ४५, ४९ | पुरुष | ० | |
| ३ | जनस्वास्थ्य प्रयोगशाला, काठमाडौं | १ | लमजुङ (शुन्दरबजार) | ३ | पुरुष | १ | हिजो रिपोर्ट प्राप्त |
| जम्मा | | २४ | ६ जिल्ला | | | | |

हालसम्म प्राप्त विवरण अनुसार वहाँहरु स्वास्थ्यकर्मीको सम्पर्कमा हुनुहुन्छ ।

डा. विनोद विन्दु शर्मा
निर्देशक
तथा
प्रवक्ता, गण्डकी प्रदेश कोरोना नियन्त्रण तथा रोकथाम कार्यक्रम

अध्यावधिक मितिः २०७७/०२/१८, बिहान १०:४५ बजे

ईमेल: hd.gandaki@gmail.com





सामाजिक विकास मन्त्रालय तथा स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशको आयोजनामा मणिपाल शिक्षण अस्पताल, पोखरामा गण्डकी प्रदेशका सबै जिल्ला अस्पताल र पोखराका मातृशिशु मेमोरियल अस्पताल तथा लेखनाथ लायन्स सामुदायिक अस्पतालमा कार्यरत चिकित्सक, नर्स र एनेस्थेसिया असिष्टेण्ट लगायतका सेवा प्रदायक स्वास्थ्यकर्मीहरुका लागि जटिल अवस्थाका बिरामीहरुको व्यवस्थापन सम्बन्धि तालिम सम्पन्न भएको छ । प्रशिक्षण कार्यक्रममा स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्माज्यूको समेत उपस्थिती रहेको थियो । सहभागीहरुलाई मणिपाल शिक्षण अस्पतालका डा. हरि पौडेलले जटिल अवस्थाका बिरामीको व्यवस्थापन सम्बन्धि प्रशिक्षण प्रदान गर्नुभएको थियो ।

स्वास्थ्य निर्देशनालय मार्फत ल्याबका स्वास्थ्यकर्मीलाई नमुना संकलन बारे सैद्धान्तिक रुपमा अभिमुखीकरण भए पश्चात् स्थानीय तहका ल्याबका स्वास्थ्यकर्मीले धौलागिरी अस्पतालका मेडिकल टेक्नोलोजीस्ट श्री सुरज बरालको प्रत्यक्ष निगरानीमा नमुना संकलनका गरे र यसरी अनसाइट कोचिङ गर्दा अब स्थानीय तहमै नमुना संकलन गर्ने जनशक्ति तयार भयो । स्वास्थ्य कार्यालयको टोलीले कोभीड–१९ को संक्रमणको सन्दर्भमा नियमित खोप लगायत अन्य अत्यावशकिय सेवा, क्वारेन्टाइन स्थल साथै पालिकाले गरिरहेका क्रियाकलापहरुबारे अनुगनम गर्दा नियमित खोप सुरक्षित ढंगले सुचारु भएको, ताराखोलाको हिल स्वास्थ्य चौकीमा उपयुक्त ढंगले क्वारेन्टाइन व्यवस्थापन भएको भने काठेखोलामा जिरेडीको अस्थायी क्वारेन्टाइनस्थलमा अबदेखि प्रयोग नगर्न सुझाव दिइयो । साथै गलकोटमा पनि नमुना संकलन गर्न सजिलो हुने किसिमले क्वारेन्टाइन स्थलको व्यवस्थापन गर्न समेत सुझाव दिइयो ।



काठेखोलामा अनसाइट कोचिङ गर्दै स्वाब संकलन



हिल स्वास्थ्य चौकीमा नियमित खोप सञ्चालन



ताराखोलामा अनसाइट कोचिङ गर्दै स्वाब संकलन





स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्मा ज्यू र सामाजिक विकास मन्त्रालय, अस्पताल विकास महाशाखाका प्रमुख डा. राम बहादुर के.सी.ज्यूले स्याङजा जिल्ला वालिङमा क्वारेनटाइनमा रहेका कोभिड–१९ संक्रमण पुष्टि भएका २ जना व्यक्तिहरुको स्वास्थ्य अवस्था, उहाँहरुको व्यवस्थापन तथा कन्ट्याक्ट ट्रेसिङको बारेमा जानकारी लिनुभयो । भोलि केस अनुसन्धान तथा कन्ट्याक्ट ट्रेसिङमा सहयोग गर्नका निम्ति स्वास्थ्य निर्देशनालय र विश्व स्वास्थ्य संगठनको चिकित्सक सहितको टोलि स्याङ्जा प्रस्थान गर्ने कार्यक्रम रहेको थियो ।




हब तथा सेटेलाईट अस्पतालमा काम गर्ने प्रयोगशालाकर्मीहरुलाई प्रयोगशाला सम्बन्धी क्षमता अभिबृद्धि गर्नका लागि स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेश तथा प्रदेश जनस्वास्थ्य प्रयोगशालाको आयोजनामा मिति २०७७ जेष्ठ १२ गते गोरखा जिल्लामा अभिमुखिकरण कार्यक्रम सम्पन्न भयो ।




क्वारेन्टाइनमा ५ दिन बिताएका भारतबाट आएका व्यक्तिहरुको स्वाब संकलन गरिँदै

बागलुङ जिल्लाको १८ स्थानमा नियमित रुपमा हेल्थ डेस्क संचालन गरी ५७९ जनाको जाँच गरी ज्वरोका बिरामीको अनुगमन गरियो । तमानखोला गाँउपालिकामा १४ जना, ढोरपाटन नगरपालिकामा ८ जना, धौलागिरी अस्पतालमा ४५ जना, बागलुङ नगरपालिकाको धौलागिरी प्राविधिक शिक्षालयमा ९ जना, जैमिनी नगरपालिकामा ४ जना र बडीगाडमा ८ जना गरी जम्मा ८८ जनाको Sample CollectionA गरि PCR परिक्षणको लागी पोखरा पठाइएको छ ।




सामाजिक विकास मन्त्रालयका माननीय मन्त्री नरदेवी पुन मगरज्यूको संयोजकत्वमा आगामी आ.व. २०७७/०७८ का लागि सामाजिक विकास मन्त्रालय मातहतका स्वास्थ्यसंग सम्बन्धित कार्यालयहरूको प्रस्तावित बजेट तथा कार्यक्रम माथि छलफल सम्बन्धी बैठक सम्पन्न भयो । बैठकमा माननीय डा. गिरिधारी शर्मा पौडेल, उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग, श्री डिल्लीराम शर्मा, सचिव, सामाजिक विकास मन्त्रालय, डा. विनोद विन्दु शर्मा, निर्देशक, स्वास्थ्य निर्देशनालय, श्री खिमबहादुर खड्का, निर्देशक, प्रदेश स्वास्थ्य आपूर्ती व्यवस्थापन र स्वास्थ्य तालीम केन्द्र, श्री दामोदर सुबेदी, उप-सचिव, सामाजिक विकास मन्त्रालय, श्री शम्भु प्रसाद ज्ञवाली, महाशाखा प्रमुख, सामाजिक विकास मन्त्रालय, डा. राम बहादुर के.सी., महाशाखा प्रमुख, सामाजिक विकास मन्त्रालय, श्री सपना सुवेदी, नि.निर्देशक, प्रदेश जनस्वास्थ्य प्रयोगशाला लगायतका व्यक्तित्वको उपस्थिति थियो ।

आर्थिक मामिला तथा योजना मन्त्रि माननीय किरण गुरुङज्यूद्वारा प्रदेश सभा समक्ष बिनियोजन बिधेयक २०७७ का सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्नं भएको छ । चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रम कार्यान्वयन र स्रोत परिचालनको अवस्था तथा सामाजिक सेवा, विकास निर्माण, उत्पादन र रोजगारीको क्षेत्रमा कोरोना महामारीका कारण लक डाउनले पारेको प्रभाव र असरलाई विश्लेषण गरी यो विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकता निर्धारण गरिएको जानकारी दिनु भएको छ ।

**स्याङ्जा जिल्लाका सबै स्थानीय तहमा रहेका** CICT Team **का संयोजकहरु तथा जिल्ला अस्पताल स्याङ्जाका कोरोना कोभिड रोग नियन्त्रणका संयोजक समेतलाई आज कोभिड-१९ सम्बन्धि** (Case Investigation & Contact Tracing) **सम्बन्धि अभिमुखीकरण कार्यक्रम संचालन सम्पन्न भएको छ । स्वास्थ्य निर्देशानालय, गण्डकी प्रदेशका डा. राजिब लालचन, दिवाकर शर्मा र लक्ष्मण बसौलाले सहजीकरण गर्नु भएको थियो ।**





**स्वास्थ्य निर्देशानालयका निर्देशक डा. विनोद विन्दु शर्माले धौलागिरी अस्पतालको अनुगमन गर्नु भएको छ । बाग्लुङ जिल्लामा थपिएका ६ जना कोरोना संक्रमितहरुको अवस्था बुझ्न तथा अस्पतालको तयारीका बारेमा जानकारी लिनु भएको छ ।**

**सामाजिक विकास मन्त्रालयका मन्त्री माननीय नरदेवी पुन मगरज्यू, स्याङ्जा जिल्लाका १(क) बाट निर्वाचित प्रदेश सभाका सदस्य श्री मीन प्रसाद गुरुङज्यू, वालिङ नगरपालिकाका प्रमुख र उपप्रमुखज्यू, जिल्ला समन्वय समितिका प्रमुखज्यू, स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशका निर्देशक डा. विनोद विन्दु शर्माज्यू, सामाजिक विकास मन्त्रालयका महाशाखा प्रमुख श्री शम्भु प्रसाद ज्ञवालीज्यू लगायतले स्याङ्जा जिल्ला अस्पतालको कोरोना संक्रमण र व्यवस्थापन सम्बन्धी जानकारी लिनुभयो भने माननीय मन्त्रीज्यूले स्याङ्जाका संक्रमित व्यक्तिहरुसंग टेलिफोन मार्फत उहाँहरुको स्वास्थ्य स्थिती बारे जानकारी लिनुभयो । साथै उक्त टोलीले स्याङ्जा स्थित हेलु सामुदायिक अस्पतालको निरीक्षण गरी अस्पतालको क्षमता बिस्तार र कोभिड-१९ संक्रमित बिरामीको व्यवस्थापनको लागि सम्भाव्यता अध्ययन गरेको छ ।**




स्वास्थ्य कार्यालय, बागलुङमा निर्देशकज्यूले आवश्यक निर्देशन दिनुभए पश्चात्




बागलुङबाटै निर्देशकज्यू लाइभ अपडेट दिनुहुँदै


**स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्माज्यूले बाग्लुङ स्थित धौलागिरी अस्पताल र स्वास्थ्य कार्यलय बाग्लुङ पुगी कोभिड-१९ संक्रमित बिरामीहरु र उहाँहरुको उपचार व्यवस्थापनको बारेमा जानकारी लिई आवश्यक निर्देशन प्रदान गर्नुभएको थियो ।**



हब तथा सेटेलाईट अस्पतालमा काम गर्ने प्रयोगशालाकर्मीहरुलाई प्रयोगशाला सम्बन्धी क्षमता अभिबृद्धि गर्नका लागि स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेश तथा प्रदेश जनस्वास्थ्य प्रयोगशालाको आयोजनामा मिति २०७७ जेष्ठ १२ गते लमजुङ जिल्लामा अभिमुखिकरण कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा लमजुङ जिल्लाका सामुदायिक र निजी अस्पताल तथा विभिन्न स्थानिय तहमा रहेका स्वास्थ्य संस्थाका प्रयोगशालाकर्मीको सहभागिता रहेको थियो । सहभागीहरुलाई पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका कन्सल्टेन्ट प्याथोलोजिष्ट डा. मोनी सुवेदी, प्रदेश जनस्वास्थ्य प्रयोगशालाका प्राविधिक शुभद्रा दुलाल लगायतले प्रशिक्षण प्रदान गर्न भएको थियो भने स्वास्थ्य कार्यालय लमजुङका प्रमुख अमर दुवाडी र स्वास्थ्य निर्देशनालयका नानीबाबु दानीको समेत उपस्थिति रहेको थियो ।



Nutrition Cluster को भर्चुअल बैठकमा स्वास्थ्य निर्देशनालयको तर्फबाट नवराज शर्माज्यूले सहभागिता जनाउनुभयो । उहाँले कोभिड-१९ संक्रमणका कारणले उत्पन्न परिस्थितिमा बालबालिका तथा गर्भवती र सुत्केरी महिलामा पोषणको कमि हुन नदिनका लागि स्वास्थ्य निर्देशनालयको तर्फबाट गरिएको प्रयासहरु तथा विद्यमान चुनौतीहरुको बारेमा जानकारी प्रदान गर्नुभयो ।




स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त पत्रानुसार सम्पूर्ण स्थानीय तहमा केस अनुसन्धान तथा कन्ट्याक्ट ट्रेसिंग समूह गठन गर्नुपर्ने – (महानगरपालिकामा पाँच वटा समूह, उपमहानगरपालिकामा ३ वटा समूह, नगरपालिकामा २ वटा समूह र गाउँपालिकामा एउटा समूह) (१ जना जनस्वास्थ्य अधिकृत, १ जना ल्याब प्राविधिक र एक जना पारामेडिक्स सम्मिलित) भएको हुनाले सो अनुसार गठन गर्नको निम्ति अनुरोध छ ।

नोट : उल्लेखित जनशक्तिको अभाव भएको स्थानमा अन्य जनशक्ति सम्मिलित समूह गठन गर्न सकिनेछ ।

केस अनुसन्धान तथा कन्ट्याक्ट ट्रेसिंग गर्नका निम्ति तल उल्लेखित ३ प्रकारका फारमहरूमा भरिने विवरण र त्यसको कार्यविभाजन यसप्रकार रहेको छ ।

**A0 फारम**

संक्रमित बिरामी राखिएको अस्पताल वा स्वास्थ्य संस्थाका चिकित्सकले भरि १ प्रति स्वास्थ्य निर्देशनालय/स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्र (PHEOC) मा पठाउने ।

**A1 फारम**

एक जना स्वास्थ्य कार्यालयको प्रतिनिधि र १ जना संक्रमित बिरामी राखिएको अस्पताल वा स्वास्थ्य संस्थाका प्रतिनिधिले संयुक्त रुपमा भर्नुपर्नेछ । फारमको अन्त्यमा रहेको संक्रमितको सम्पर्कमा आएका व्यक्तिहरुको विवरण स्थानीय तहमा गठन गरिएको CICT समूहलाई पठाउनुपर्ने हुन्छ र स्थानीय तहले थप कन्ट्याक्ट ट्रेसिंग गर्नुपर्नेछ ।

**B1 फारम**

संक्रमितको सम्पर्कमा आएका व्यक्तिहरुको विस्तृत विवरण संकलन गर्नको निम्ति स्थानीय तहमा गठन गरिएको CICT समूहले भर्नुपर्ने हुन्छ र भरिसकेपछि स्वास्थ्य कार्यालयमा पठाउनुपर्ने हुन्छ । स्वास्थ्य कार्यालयले प्राप्त गरिसकेपछि एक प्रति स्वास्थ्य निर्देशनालय/स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्र (PHEOC) मा एक प्रति पठाउनुपर्ने हुन्छ ।



माननीय मीन प्रसाद गुरुङज्यूको अगुवाईमा जिल्ला समन्वय समितीका प्रमुख सीता सुन्दास, पुतलीबजार, वालिङ, अर्जुन चौपारीका प्रमुख तथा विभिन्न वडाका वडा अध्यक्षहरु, स्वास्थ्य निर्देशक डा. विनोद विन्दु शर्मा, प्रमुख जिल्ला अधिकारी गंगा ब क्षेत्री, जिल्ला प्रहरी प्रमुख, सामाजिक मन्त्रालयका जनस्वास्थ्य महाशाखा प्रमुख शम्भु प्र. ज्ञवाली लगायतको टिमले स्याङ्जाको हेलु स्थित कालिका सामुदायिक अस्पतालमा कोभिड १९ का संक्रमितलाई आइसोलेसन केन्द्र बनाउने सम्बन्धमा अध्ययन र छलफल सम्पन्न भएको छ ।

**कोभिड-१९ संक्रमित विरामीहरुको रोग प्रतिरोधात्मक क्षमता बृद्धिका लागि जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र स्याङजाले स्थानिय रुपमा उपलब्ध जडिबुटी तथा औषधिहरु उपलब्ध गराउनुका साथै तनाव व्यवस्थापनका लागि भिडियो कन्फ्रेन्स द्वारा योग प्राणायाम सुचारु गरेको छ ।**




कोभिड - १९ का विरामीका लागि स्थानिय जंगलबाट जडीबुटी गुर्जो ल्याउदै जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र स्याङ्जा का स्वास्थ्यकर्मीहरु ।





पहिचान र उपयोगिताको बारेमा प्रदेश सासंद माननिय मिन प्रसाद गुरुङ ज्यूसँग जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र स्याङ्जाको कार्यालय प्रमुख डा. सुभद्रा कार्की

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र स्याङ्जा कार्यालयका कार्यालय प्रमुख डा. सुभद्रा कार्की ज्यूले भिडियो कन्फ्रेन्सद्वारा कोभिड १९ का विरामीहरुलाई तनाव व्यवस्थापनका लागि योग, प्राणायाम, ध्यान गराउदै ।

नबराज शर्मा
स्वास्थ्य शिक्षा प्रशिक्षक
स्वास्थ्य निर्देशानालय, पोखरा

**घरमै बसौं, सुरक्षित रहौं**

हेलो डाक्टर
१०९२